

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
0६१-५७८0९९, ९८५६0२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
0६१-५७0६५१, ९८५६0७५५७५



❑ वर्ष २३ ❑ अङ्क २६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक १ गते मंगलबार ❑ 18 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## 'सीमित साधनस्रोतका बाबजुद प्रहरीको भूमिका प्रशंसनीय'

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सीमित साधनस्रोतका बाबजुद नेपाल प्रहरीले खेल्दै आएको भूमिका प्रशंसनीय रहेको बताउनुभएको छ।

६७औं प्रहरी दिवसका अवसरमा गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराद्वारा आयोजित श्रद्धाञ्जलि तथा पुरस्कार वितरण कार्यक्रममा उहाँले देशमा शान्ति, सुरक्षा र अमनचयन कायम गराउने कुरामा नेपाल प्रहरीले विशिष्ट योगदान गर्दै आएको बताउनुभयो। नेपालमा जहानियाँ राणा शासनको अन्त्य गर्दै प्रजातन्त्रको स्थापना गर्न २००७ सालमा महत्वपूर्ण भूमिका निर्वाह गरेको मुक्ति सेनासँग नेपाल प्रहरीको सम्बन्ध जोडिएको उल्लेख गर्दै उहाँले यस सङ्गठनको ऐतिहासिक गरिमा र महत्व रहेको बताउनुभयो। प्राकृतिक प्रकोप, शान्ति, सुरक्षालगायतका हरेक घडीमा आफूलाई इमान्दारिता, जिम्मेवारिताका साथ अघि बढाउँदै आएको प्रहरीले व्यावसायिकरुपमा पनि आफूलाई उत्तिकै सक्षम बनाएको उहाँले बताउनुभयो। उक्त अवसरमा मुख्यमन्त्रीपोखरेलले अमरप्रहरीका परिवारजन, विभिन्न योगदान गर्ने व्यक्तिलाई सम्मान तथा पुरस्कार प्रदान गर्नुभयो। गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्माले नेपाल प्रहरीले देशको शान्तिसुरक्षा, अमनचयनमा निर्वाह गरेको भूमिका प्रशंसनीय भएको बताउनुभयो। आसन्न निर्वाचनलाई निष्पक्ष र भयरहितरुपमा सम्पन्न गराउन नेपाल प्रहरीले विगतमा जस्तै महत्वपूर्ण भूमिका खेल्ने उहाँले बताउनुभयो। गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक रामदत्त जोशीले विगतदेखि नै राष्ट्र र जनताको सेवामा निरन्तर खट्दै आएको प्रहरी सङ्गठन सदैव जनमुखी, पारदर्शी र छिटोछरितो सेवा प्रवाहमा प्रतिबद्ध रहेको बताउनुभयो। आसन्न निर्वाचनलाई शान्तिपूर्णरुपमा सम्पन्न गराउने जिम्मेवारीलाई कुशलताका साथ बहन गर्ने उहाँले बताउनुभयो। कार्यक्रममा प्रहरी दिवसका अवसरमा प्रहरी महानिरीक्षक धीरजप्रसाद सिंहको सन्देश प्रहरी वरिष्ठ उपरीक्षक शारदाप्रसाद चौधरीले वाचन गर्नुभएको थियो। उक्त अवसरमा अमरप्रहरीस्मारकमामुख्यमन्त्रीसहित अतिथिले पुष्पार्पण गर्नुभएको थियो।




## नवौं खेलकुदमा प्याराग्लाईडिङ अन्यौल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असोज**

पोखरामा जारी नवौं खेलकुद प्रतियोगिताको क्रममा प्याराग्लाईडिङ उडानका क्रममा एक जना खेलाडी दुर्घटनामा परी मृत्यु भएको घटनालाई लिएर हाल जारी रहेको प्याराग्लाईडिङ प्रतियोगिता नै अन्यौल भएको छ।

पोखरामा ३९ बर्ष पछि भएको नवौं खेलकुद प्रतियोगिता अर्न्तगत खेलकै क्रममा दुर्घटनामा परी खेलाडीको मृत्यु भएकै कारण सरकारले एकाएक प्याराग्लाईडिङ देशी भरी सहित प्रतियोगितालाई नै प्रभावित पार्नु राज्यको हचुवाको निर्णय भएको भन्दै यसको सर्वत्र बिरोध हुन थालेको छ।

शनिबार प्याराग्लाईडिङको क्रस कन्ट्री तर्फको एक राउण्डको खेल सम्पन्न भएको अबस्थामा दोश्रो दिन आइतबार सुरुमै खेलकै क्रममा पोखराको सराङकोटमा प्याराग्लाईडिङ गर्ने क्रममा उडान भरेको केही सेकेण्डमै कोल्याप्स भई दुर्घटनामा परी मुत्यु भएका आर्मीका निशिम थापा मगरको मृत्यु भएको थियो। खेलको क्रममा दुर्घटनामा परी खेलाडीको मुत्यु हुने घटना प्रति गहिरो दुःख व्यक्त गर्दै राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिब टंकलाल घिसिङले उक्त घटना प्रति राज्यले आफुहरुसंग एक पटक पनि छलफल र सहकार्य विना हचुवाको भरमा प्याराग्लाईडिङ बन्द गर्ने निर्णय गरेको बताए। प्याराग्लाईडिङको सम्बन्धित संघ र प्राविधिक कमिटिले उक्त प्रतियोगिता संचालन गर्न माग गरेकोले आफुले आवश्यक तयारी गर्न निर्देशन दिएको उनले बताए। मत्रिपरिषदको निर्णय आफुहरुले मान्नु पर्ने भएकोले यस बिषयमा सरकारले आज वा भोलि नै सकरात्मक निर्णय दिने आफुहरु आशाबादी भएको सदस्य सचिव घिसिङले बताए। उक्त दुर्घटनामा परी खेलाडी गुमाउनु परेकोमा आफुहरु भने निकै दुखि भएको उनले बताए। सरकारले यस्तै निर्णय गर्दै जाने हो भने कुनै दीन हवाई दुर्घटना हुदा सबै हवाई उठान बन्द गर्दा के हुन्छ भनी उनले प्रति प्रश्न गरे। यस बिषयमा नेपाल प्याराग्लाईडिङ तथा ह्याङ ग्लाईडिङ संघका महासचिव एवं प्रतियोगिताका सहसंयोजक शैलेन्द्र राउतले डण्डीवियो समेत खेल्न नजान्ने जसरी राज्यले हचुवाको भरमा निर्णय गरेको आरोप लगाए। राज्यको उक्त निर्णय गर्दा सम्बन्धित खेल संघलाई र आयोजकलाई समेत बिना जानकारी देश भरी प्याराग्लाईडिङ बन्द गर्नुले समग्र नेपालको खेल क्षेत्रमै प्रश्न उठ्ने उनले जनाए। आफुहरुले बुधबार देखि टाक्स घटायर भए पनि प्रतियोगितालाई निरन्तरता दिन चाहेको राउतले बताए। यस बिषयमा हवाई खेलकुद संस्था नाका अध्यक्ष सुनिल भट्टराईले कुनै पनि बिषयको समस्याको समाधान बन्द गर्नु नभई त्यसका अन्य कारक तत्वहरु खोजि गर्नु भएको बताउदै


बाँकी अन्तिम पृष्ठमा ▶▶


## गठबन्धनको मूल उद्देश्य संविधानको रक्षा र समृद्धि हासिल गर्नु हो : कांग्रेस

**रासस**
**काठमाडौं, ३१ असोज**

नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले सत्ता गठबन्धनको मूल लक्ष्य संविधानको रक्षा र समृद्धि हासिल गर्नुरहेको बताउनुभएको छ।

कांग्रेस केन्द्रीय कार्यालयद्वारा सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँले वर्तमान गठबन्धनको सरकार गठन भएपछि संविधान कार्यान्वयन र लोकतन्त्रको रक्षा गर्ने काम भएको बताउनुभयो। पाँच दलीय गठनबन्धन बनेको परिस्थितिको बारेमा जानकारी गराउँदै उहाँले सरकारले छोटो अवधिमा देशलाई कानूनी शासनमा अघि बढाउन र जनजीविकाका सवालमा पनि महत्त्वपूर्ण काम गर्न सफल भएको बताउनुभयो।

सरकारले छोटो समयमा चुनौतीपूर्ण अवस्थामा पनि कांग्रेसको नेतृत्वमा धेरै काम गरेको उल्लेख गर्दै सरकारले स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको उहाँले बताउनुभयो। यसैगरी उहाँले सरकार हाल स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनको तयारीमा जुटेको उल्लेख गर्नुभयो।

निर्वाचनमा पार्टी पूर्णरूपमा परिचालन गरिएको जानकारी गराउँदै प्रवक्ता डा महतले पाँच दलीय गठबन्धनको भावनाअनुसार सिटको बाँडफाँट


बाँकी अन्तिम पृष्ठमा ▶▶


## सेना ८६ पदकसहित शीर्ष स्थानमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असोज**

गण्डकी प्रदेशमा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको पदक तालिकामा विभागीय टोलीको दबदबा देखिएको छ। हालसम्म छिनोफानो भएका खेलका पदकमा विभागीय टोली नेपाली सेना शीर्ष स्थानमा छ। सेनाले सुरुआतदेखि नै आफ्नो अग्रता बनाएकामा पछिल्लो समय यसलाई फराकिलो बनाउँदै लगेको छ।

पदक तालिकाको द्वितीय र तृतीय स्थानमा पनि विभागीय टोली अगाडि आएका छन्। प्रदेशले विभागीय टोलीलाई पछ्याइरहेका छन्। सोमबार दिउँसोसम्म ८७ स्वर्णपदकको छिनोफानो हुँदा सेनाले ३८ स्वर्णसहित अग्रता बनाएको हो। सेनाले २७ रजत र २१ कास्यसहित ८६ पदक जितेको छ। यसैगरी विभागीय सशस्त्र प्रहरी बलको एपिएफ क्लब १२ स्वर्ण, १६ रजत र २२ कास्यसहित ५० पदक जितेर सेनालाई पछ्याइरहेको छ। विभागीय टोली नेपाल पुलिस क्लबले ११ स्वर्ण, सात रजत र १७ कास्यपदकसहित ३५ पदक जितेर तृतीय स्थानमा रहेको छ। बागमती प्रदेश पदक तालिकाको चौथो स्थानमा छ। बागमती प्रदेशले १० स्वर्ण, १६ रजत र १० कास्यसहित ३६ पदक जितेको छ। आयोजक गण्डकी प्रदेशले हालसम्म आठ स्वर्ण, पाँच रजत र १५ कास्य गरी २८ पदक हात पारेको छ। गैरआवासीय नेपाल सङ्घ(एनआरएनए)ले चार स्वर्ण, तीन रजत र चार कास्यसहित ११ पदक जितेको छ। यसैगरी मधेस प्रदेशले दुई स्वर्ण, दुई रजत र चार कास्यसहित आठ पदक ल्याउँदा प्रदेश नं १ ले एक स्वर्ण, चार रजत र १३ कास्यसहित १८ पदक जितेका छन्। सुदूरपश्चिम प्रदेशले एक स्वर्ण, एक रजत र आठ कास्यसहित १० पदक जित्दा लुम्बिनी प्रदेश र कर्णाली प्रदेशले हालसम्म स्वर्णपदक ल्याउन सकेका छैनन्।

लुम्बिनीले छ रजत र चार कास्यसहित १० पदक ल्याउँदा कर्णाली प्रदेशले एक कास्यपदक मात्र जितेर पदक तालिकाको पुछारमा छ। नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत यही असोज २८ देखी प्रतियोगिताका ३६ वटा खेल भइरहेका छन्। राष्ट्रिय खेलकुद आगामी कात्तिक ३ गतेसम्म सञ्चालन हुनेछ।

## शताब्दी पुरुष जोशीको निधनको शोकमा मङ्गलबार सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असोज**

सरकारले शताब्दी पुरुष सत्यमोहन जोशीको निधनको शोकमा मङ्गलबार सार्वजनिक बिदा दिने भएको छ।

गृह मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा भोलि देशभर सार्वजनिक बिदा दिने निर्णय भएको जनाएको छ। "शताब्दी पुरुष जोशीको निधनले शोकमा देशभरका सरकारी कार्यालय, सार्वजनिक सङ्घसंस्था र विदेशस्थित कूटनीतिक नियोगमा राष्ट्रिय झण्डा झुकाउने निर्णय भएको छ", मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

शताब्दी पुरुष जोशीको एक सय तीन वर्षको उमेरमा आइतबार बिहान निधन भएको थियो।




# अधुरा योजना पुरा गर्न मेरो उम्मेदवारी–पहारी

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असोज**

आगामी मंसिर ४ गते हुन गैरहेको प्रदेश सभा सदस्य निर्बाचनका लागि ने क पा एमाले को तर्फबाट कास्की निर्बाचन क्षेत्र न ३(ख) का उम्मेदवार राजिव पहारीले विकास प्रेमी जनताको सपना साकार पार्न आफ्नों उम्मेदवारी भएको बताउनुभएको छ।

‘अघिल्लो कार्यकालमा पूर्णता दिन नसकेका योजना पुरा गर्न तथा त्यस क्षेत्रका जनतालाई दिएका वाचा पुरा गर्न फेरी पनि मैले यो क्षेत्रमा उम्मेदवारी दिएको हुँ’–प्रेस चौतारी कास्कीले उम्मेदवारसंग गरेको उम्मेदवारी परिचर्चा कार्यक्रममा उहाँले भन्नुभयो । जनचाहना अनुसार थुप्रै महत्वपूर्ण योजनाहरु अघि ल्याएको भएपनि सरकार



फेरबदल भएकाले आफ्ना विकासे योजनाहरु अधुरै रहेको उम्मेदवार पहारीले सुनाउनुभयो । आफ्नों निर्वाचन क्षेत्र पर्यटन, साँस्कृती, धार्मिक दृष्टिकोणले महत्वपूर्ण क्षेत्र भएको बताउँदै पहारीले यसपटक निर्वाचित भएपछि अधुरा कार्यलाई पूर्णता दिँदै नयाँ विकासे योजना ल्याउने दावी गर्नुभयो । पहारीले प्रदेश सभा अन्तर्गत विधान सभा समिति र कार्यविभाजन समितिमा रहि सफल कार्य सम्पादन गरिसक्नुभएको छ।

# प्रेस युनियन शान्ति पत्रकारिता पुरस्कार नवीन सिग्देललाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असोज**

प्रेस युनियन शान्ति पत्रकारिता पुरस्कार–२०७८ पत्रकार नवीन सिग्देललाई प्रदान गरिएको छ।

पूर्ण प्रसाद बराल तथा माया देवी बराल प्रतिष्ठानद्वारा स्थापित तथा नेपाल प्रेस युनियन कास्कीद्वारा संचालित सो पुरस्कार छनोट समितिको सिफारिस बमोजिम युनियनको सोमबार बसेको बैठकले अनुमोदन गरेको हो । युनियन कास्कीका सल्लाहकार रवीन्द्र बास्तोलाको संयोजकत्वमा छनोट समिति गठन गरिएको थियो । समितिका सदस्यमा पुरस्कार संस्थापक भोला बराल, नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारी, युनियन कास्कीकी कार्यवाहक अध्यक्ष रविना आले र सचिव प्रदीप पौडेल थिए। पुरस्कार राशि २५ हजार ५ सय २५ रुपैयाँ र सम्मानपत्र छ। सो पुरस्कार एक कार्यक्रमबीच वितरण गरिनेछ। ३ लाख रुपैयाँ अक्षयकोषबाट प्रत्येक २ वर्षमा युनियनले गण्डकी प्रदेशमा रहेर कम्तीमा १० वर्षदेखि पत्रकारितामा क्रियाशील पत्रकारलाई पुरस्कार वितरण गर्दै आएको छ।

युनियन कास्कीका निवर्तमान अध्यक्ष सिग्देलले. यसअघि स्व. गजेन्द्र भण्डारी सिर्जनशील पत्रकारिता पुरस्कार, अपराध अन्वषण पत्रकारिता पुरस्कार, जिल्ला विकास समिति कास्कीको उत्कृष्ट पत्रकार पुरस्कार, उत्कृष्ट आलेख पत्रकारिता पुरस्कार र स्व. सागर सुवेदी स्मृति




पत्रकारिता पुरस्कारबाट पुरस्कृत भैसक्नुभएको छ।

पत्रकारितामा पुऱ्याएको योगदानको कदरगर्दै सिग्देललाई करिब तीन दर्जन समाजिक संघ संस्थाले सम्मान गरिसकेका छन्। उहाँ ०५५ सालदेखि पत्रकारितामा क्रियाशील रहेका थिए ।सानै उमेरमा आफ्नै पहलमा पत्रिका प्रकाशित गरी पत्रकारितामा होमि का सिग्देलले पत्रकारिता र राजनीतिलाई सन्तुलित गर्दै आउनु भएको छ। उनले करिब लगातार १९ वर्षसम्म पोखराबाट प्रकाशित आदर्श समाज दैनिकमा आवद्ध रहेका थिए । उनले पोखराको बाराही एफ्.एम्, हिमचुली एफ.एमसँगै नेपाल एफ्.एम् नेटवर्क, राष्ट्रिय समाचार समिति, गोरखापत्र दैनिक र तराइ टेलिभिजन लगायतका संचारमाध्यममा पनि काम गरेको अनुभव रहेको छ। हाल उनले राष्ट्र न्यूज डट कममा आवद्ध रहेका छन। विश्व प्रकाश सिग्देल र प्रभादेवी सिग्देलका जेठा छोरा सिग्देल पोखरा १३ निवासी हुन ।यसअघि सो पुरस्कार पत्रकार राज बहादुर गुरुङ र हिमनिधि लौडारीलाई प्रदान गरिएको थियो।

## नवौं...

राज्यको निर्णय प्रति छक्क परे । कोभिडबाट थलिएको पोखराको पर्यटन क्षेत्रलाई नवौं खेलकुद र प्याराग्लाडिङ खेलले खेल पर्यटनको प्रबर्द्धन हुने ठुलो आशा लिएको अबस्थामा सरकारको यस्तो निर्णयले आफुहरु निकै निरास भएको अध्यक्ष भट्टराईले बताए । सरकारको हतारको निर्णयले पोखराको पर्यटन क्षेत्रमा ठुलो क्षति पुग्ने उनले दाबी गरे। उनका अनुसार प्याराग्लाईडिङले पोखरा क्षेत्रमा दैनिक करिब एक हजार जनालाई रोजगारी हुदा ३० लाखको कारोवार हुने गरेको छ।

यस बिषयमा पर्यटन मन्त्री जीवनराम श्रेष्ठले केही बोल्न चाहेनन । फोनबाट कुरा गर्दा उनले डिजिलाई सोध्नु भनेर आफु पन्छिाए। नवौं खेलकुदका प्रविधिक संयोजक हिमालराज दाहालले खेलकै क्रममा संसारमा कहिले काँहि केही खेलाडीहरुको मृत्यु हुन सक्ने भएको भन्दै यस विषयमा सरकारले बन्द नै गर्नु उचित नभएको बताए। आफुहरुले उक्त प्रतोगितालाई अघि बढाउन चाहेको उनले जनाए । प्याराग्लाईडिङमा नेपालले एसियन गेममा रजत पदक दिलाएको थियो।




# पुलिस र सशस्त्र महिला क्रिकेटको फाइनलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असोज**

पोखरामा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत महिला क्रिकेटको फाइनलमा दुई विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लब र नेपाल पुलिस क्लब भिड्ने भएका छन्।

पोखरा रङ्गशालाको क्रिकेट मैदानमा सोमबार सम्पन्न खेलमा एपिएफले लुम्बिनी प्रदेश तथा पुलिसले बागमती प्रदेशलाई पराजित गर्दै फाइनलको यात्रा तय गरेका हुन्। यही असोज २३ देखि जारी प्रतियोगिताको पहिलो सेमिफाइनल खेलमा लुम्बिनी प्रदेशमाथि ६७ रनको जित निकाल्दै एपिएफ फाइनल प्रवेश गरेको हो। सुरुआती ब्याटिङ गरेको एपिएफले एक सय ३० रनको लक्ष्य पछ्याउने क्रममा लुम्बिनी प्रदेश १८ ओभरको दोस्रो बलमा ६२ रनमात्र बनाउन सक्यो । लुम्बिनीका कसैले पनि दर्शनीय खेल प्रस्तुत गर्न सकेनन्। लुम्बिनीलाई सस्तैमा रोक्न एपिएफका नेरी थापाले चार विकेट लिनुभयो भने इन्दु बर्माले एक विकेट लिनुभयो। एपिएफले निर्धारित २० ओभरमा तीन विकेटको क्षतिमा एक सय २९ रनको योगफल तयार पारेको थियो। एपिएफका लागि सुरुआती ब्याटर ज्योति पाण्डेले सर्वाधिक ६९ रन बनाउनुभयो । यसगरी सेमिफाइनलको दोस्रो खेलमा पुलिसले बागमती प्रदेशमाथि ३६ रनको जित निकालेको छ। पहिला ब्याटिङ गरेको पुलिसले काजल श्रेष्ठको ४६ तथा कविता कुँवरको २६ रनमा चार विकेट गुमाएर एक सय २३ रन बनाएको थियो । जवाफी ब्याटिङमा उत्रिएको बागमतीले पूरा ओभर खेल्दै आठ विकेट गुमाएर ८७ रनमात्र बनायो । पुलिसका बलरहरू कविता कुँवरले तीन, इश्वरी विष्टले दुई तथा रुविना क्षेत्री र सङ्गीता राईले समान एक–एक विकेट लिनुभयो। बागमतीको तर्फबाट सुमन खतिवडाले २३ तथा अस्मिना कर्मचार्यले १८ रन बनाउनुभएको थियो।

## गठबन्धनको..

गरी निर्वाचनमा होमिएको उल्लेख गर्नुभयो। कांग्रेसले उदारताका साथ निर्वाचनमा भाग लिएको अवगत गराउँदै उहाँले आगामी आमनिर्वाचनमा प्रतिनिधिसभामा कांग्रेस नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले सहमति गरी सिट बाँडफाँट गरेको जानकारी दिनुभयो । कांग्रेस ठूलो र ऐतिहासिक पार्टी भएको तथा धेरै सक्षम नेता कार्यकर्ता रहेको भए पनि गठबन्धन दलसँग चुनावी तालमेल गरेका कारण धेरै नेता कार्यकर्तालाई उम्मेदवार बनाउन नसकिएको उहाँको भनाइ थियो। प्रवक्ता डा महतले व्यक्तिगत आकाङ्क्षालाई पन्छाएर परिणाम प्राप्तिका लागि सबै अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

# निशिमको अन्त्यष्टी

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असोज**

नवौं खेलकुदमा सहभागि प्याराग्लाईडिङ पाइलट निशिम थापा मगरको आज अन्त्यष्टी गरिएको छ । प्याराग्लाईडिङको क्रसकन्ट्रि विधामा सहभागि भएका त्रिभुवन आर्मीका मगरको प्याराग्लाईडिङको क्रममा आइतबार दुर्घटनामा परी निधन भएसंगै आज उनको स्मृतिमा श्रद्धान्जली सभा सहित अन्त्यष्टी गरिएको छ।

उनको अन्तेष्टिमा नेपाली सेनाको मध्यकमाण्ड हेडक्वार्टरका पृतनापति बाबुराम श्रेष्ठ, आफन्त, पोखराका मेयर धनराज आचार्य, राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश गुरुङ, प्रदेश खेलकुदका पदाधिकारी, खेलाडी एवं खेलकुदकर्मी र उनका आफन्तजनहरुले श्रद्धाञ्जली दिएका थिए । उनको पार्थीव शरीरिमा राखेपको झण्डा समेत ओढाईएको थियो। उनको संस्कार अनुसार पोखरा रामघाटको अर्घौं सदनमा रहेको विद्युतीय शवदाह गृहमा लगिएको थियो।

आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा त्रिभुवन आर्मी क्लबमा आबद्ध भएर त्यतिबेलै निसिमले रजत जितेका थिए। यसपालीको प्रतियोगितामा पनि उनले पदक ल्याउने उत्तिकै सम्भावना थियो तर परिस्थिती विपरित हुदा उनले प्रतियोगितामा सहभागि हुदा दुर्घटनामा परी संसारबाट बिदा लिनु पऱ्यो।

उनको अन्त्यष्टी गर्नु पूर्व पोखरामा शव यात्रा समेत गरिएको थियो। उनी मुस्काइरहेको फ्लेक्स बोकेको गाडीमा कहिल्यै नउठ्ने गरि सुस्ताइरहेको उनको शवले शव यात्रामा सहभागिलाई निकै भावुक बनायो ।आमा सावित्री मोक्तानको बिलौना आइतबारदेखि थामिलन सकेन । बौद्ध अर्घौं सदनमा लामाले मृत्युसंस्कार पाठ पढ्दै गर्दा छोरालाई चुम्न पुगेकी मोक्तानले भगवानलाई पुकार्दै थिइन, “तिमीले मेरो प्रार्थना एक सेकेन्ड सुनेनौ, तिमीले सुन्नुपर्थ्यो ..।” एक्लो छोरा गुमाएको जति चोट आमाबाबुलाई पऱ्यो देशलाई पनि उत्तिकै होनहार खेलाडीको क्षति भयो।

# फुटबलमा एपिएफ सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असोज**

सशस्त्र प्रहरीको एपिएफ फुटबल क्लब पोखरामा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष फुटबलको सेमिफाइनलमा प्रवेश गरेको छ।

पोखरा महानगरपालिका–१९ लामाचौरस्थित गोस्तेघाट फुटबल मैदानमा आज भएको खेलमा एपिएफले बागमती प्रदेशलाई ३–१ गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको अन्तिम चारमा स्थान पक्का गर्न सफल भयो। एपिएफसँग पराजित भएपछि बागमती भने प्रतियोगिताबाट बाहिरिएको छ। खेलमा अग्रता भने बागमतीले बनाएको थियो तर उसले सुरुआती अग्रता जोगाउन सकेन । पहिलो हाफको इन्जुरी समयको पहिलो मिनेटमा अभिषेक रिजालले गोल गर्दै बागमतीलाई अग्रता दिलाउनुभयो। खेलको ६५औं मिनेटमा एपिएफका प्रदीप लामाले गोल गर्दै खेल बराबरीमा ल्याउनुभयो । खेलको ७६औं मिनेटमा नवीन लामाको गोलमार्फत एपिएफले अग्रता बनायो । लामाले दोस्रो हाफको इन्जुरी समयमा थप एक गोल गरेपछि एपिएफको जित सुनिश्चित भएको हो। यसैगरी आजको दोस्रो खेलमा नेपाल पुलिस क्लब विजयी भएको छ। पोखरा रङ्गशालाको फुटबल मैदानमा समूह ‘सी’ अन्तर्गत भएको खेलमा पुलिसले ४–१ गोलअन्तरले लुम्बिनी प्रदेशलाई हराएको हो । पुलिसको जितमा कुलदीप कार्कीले दुई गोल गर्नुभयो भने आशिष श्रेष्ठ र बुद्धबल तामाङले समान एक–एक गोल गर्नुभयो । लुम्बिनीका लागि फागुराम थारूले एक गोल फर्काउनुभयो । पुलिस र लुम्बिनी यसअघि नै प्रतियोगिताबाट बाहिरिसकेका छन्। यस समूहबाट नेपाली सेना शीर्षस्थानमा रहँदै सेमिफाइनमा प्रवेश गरिसकेको छ । पुरुष फुटबल प्रतियोगितामा नवौंमा सहभागी ११ वटै टोलीले सहभागिता जनाएका छन्। प्रत्येक टोलीलाई चार समूहमा विभाजन गरिएको छ। समूह ‘ए’ मा गण्डकी प्रदेश, प्रदेश नं १ र एनआरएनको टोली छ। समूह ‘बी’मा बागमती, मधेस प्रदेश र एपिएफ रहेका छन्। त्यसैगरी आर्मी, लुम्बिनी प्रदेश र नेपाल पुलिस क्लब समूह ‘सी’ मा र समूह ‘डी’मा कर्णाली र सुदूरपश्चिम प्रदेश छन्। पुरुष फुटबलको स्वर्ण पदकका लागि कात्तिक ३ गते फाइनल खेल हुनेछ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा–८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१–५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस।
– सास लिभोसन

## सम्पादकीय

# युगपुरुषप्रति हार्दिक श्रद्धाञ्जली

सरकारले शताब्दी पुरुष सत्यमोहन जोशीको निधनमा मङ्गलबार सार्वजनिक बिदा दिने निर्णय गरेको छ। जोशीको निधनको शोकमा सरकारी कार्यालय, सार्वजनिक सङ्घसंस्था, विदेशस्थित कूटनीतिक नियोगहरूमा कात्तिक १ गते मङ्गलबार सार्वजनिक विदा दिनुका साथै राष्ट्रिय झण्डा झुकाउने निर्णय पनि नेपाल सरकारले गरेको छ।जोशीले आइतबार १०३ वर्ष ५ महिनाको उमेरमा आइतबार अन्तिम सास फेरेका थिए। संस्कृतिकर्मी सत्यमोहन जोशीको परम्परागत तवरले अन्तिम संस्कार भएन। विशेष तवरको बिदाइ चाहिँ भयो। उनको राष्ट्रिय सम्मान अर्पण राज्यले नै गर्‍यो। जति वर्ष बाँचे। सक्रिय जीवनमात्रै बाँचेनन्, सक्दो समाज र राष्ट्रका लागि खटिए। राज्यले राष्ट्रिय सम्मान अर्पण गरेर नागरिक हैसियतमै राष्ट्रप्रति उनले पुर्‍याएको योगदानको कदर गर्‍यो।

ठूलो ओहोदामा पुग्नेको भन्दा उनको सम्मान राष्ट्रका लागि पुर्‍याएको योगदानको कदर हो।राष्ट्र र समाजको लागि किर्ति राख्ने ,योगदान पुर्‍याउनेको कदर सार्वजनिक विदा दिएर भएको छ। देश र समाजका लागि आफ्नो ऊर्जा खर्चेका जोशीले भौतिक शरीरसमेत समाजकै लागि अर्पण गरेर छाडे। त्यसैले परम्परागत तवरबाट उनको दाहसंस्कार भएन। शरीर अस्पताललाई जिम्मा लगाइयो। उनी आफैंले पार्थिव शरीर दान गर्ने इच्छा देखाएका थिए र परिवारका सदस्यको पनि त्यसमा सहमति थियो। समाज र संस्कृति अध्ययनमा जीवन अर्पण गरेका जोशीको पार्थिव शरीर आफैंमा चिकित्सा विज्ञानका विद्यार्थीका लागि अध्ययन सामग्री बनेको छ। जोशीलाई कीर्तिमानी बनाउने उनको उमेरभन्दा धेरै उनका कीर्ति र राष्ट्रलाई गरेका देनहरू हुन्। उनले देशका कुनाकन्दरा चहारेर संस्कृति केस्राकेस्रा केलाएर नेपाली समाजको सुगन्ध प्रकाशमा ल्याए। दुर्गम कर्णालीका संस्कृतिका ज्ञाता थिए उनी। काठमाडौं खाल्डोका संस्कृति र सभ्यताको त उनका अथाह ज्ञान थियो।

नेपाली समाजका प्रमुख धर्म हिन्दू र बौद्धका अन्तरसम्बन्धमा विशद ज्ञान राख्थे। मुलुकमै पहिलोपटक पुरातत्त्व विभाग खडा हुँदा पहिलो डाइरेक्टरको नियुक्ति पाएका उनले त्यसअघि नै २०१३ सालमा हाम्रो लोकसंस्कृति पुस्तक लेख्न भ्याएका थिए। त्यसैमा उनलाई मदन पुरस्कार पनि प्राप्त भयो। नेपाली साहित्यमा गरिमामय यो पुरस्कार तीनपटक पाउने स्रष्टा पनि उनै थिए। चीन तिब्बतमा नेपाली युवा अरनिकोको योगदानलाई खोज अनुसन्धान गरी बाहिर ल्याउने जोशी नै थिए। मुद्राको अध्ययनमा उनको लगाव थियो। राजसंस्थाका सदस्यहरूबाहेक जीवितै छँदा हुलाक टिकटमा छापिने सौभाग्य उनलाई प्राप्त भयो। मुद्रामा पनि उनी अंकित भए। तीन/तीन वटा पुस्तकमा मदन पुरस्कार प्राप्त गर्ने जोशीका अधिकांश कीर्ति अध्ययन र अनुसन्धानमा आधारित रहे। नेपाली लेखन र इतिहासको खोज, अनुसन्धानमा प्रामाणिकतामा जोड दिने एक अगुवा हुन्।

नेपालको इतिहास लेखनमा थुप्रै विदेशीले पनि योगदान गरेका छन्। नेपाली मौलिक संस्कृतिको पहिचानलाई उजागर गर्नु, त्यसलाई व्यावहारिक रूपमा प्रयोगमा ल्याउनु र ल्याउन प्रेरित गर्न सत्यमोहनको योगदान रह्यो। सरल जीवनशैली बाँच्दै लोभलाग्दो उमेर व्यतित गरेका उनको जीवन वास्तवमै सिर्जनशीलमात्रै नभई बहुआयामिक थियो। साहित्य, कला, संस्कृति, इतिहास, भूगोल, उनको दख्खल थियो। मूर्तिकला, पुरातत्व, शिक्षालगायत विषयमा हासिल गरेको ज्ञानका आधारमा समाजलाई मार्गदर्शन गरेका थिए। नेपाली समाजले सयौं वर्षसम्म पनि सम्झिरहने एक युगपुरुष थिए। एक युगको अन्त्य भएको छ। तिनै युग पुरुषप्रति हार्दिक श्रद्धाञ्जली।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# शारीरिक सुगठनमा आर्मी टिम च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, ३१ असोज

नवौं राष्ट्रिय खेलकुदअन्तर्गत शारीरिक सुगठन खेलमा त्रिभुवन आर्मी क्लब च्याम्पियन भएको छ। पोखरा सभागृहहलमा सम्पन्न खेलका आधारमा समग्रमा ५९ अङ्कसहित आर्मी टिम च्याम्पियन भएको हो।

शारीरिक सुगठनतर्फ ११ स्वर्णका लागि भएको खेलमा आर्मीले पाँच स्वर्ण जितेको हो। यस्तै आयोजक गण्डकी प्रदेशले तीन, नेपाल प्रहरी, एपिएफ र प्रदेश नं १ ले एक–एक स्वर्ण हात पारेका छन्। टिम च्याम्पियन बन्ने क्रममा आर्मीले पाँच स्वर्णसहित एक रजत र एक कास्य पदक जितेको थियो। प्रदेश नं १ ले एक स्वर्णसहित एक कास्य, नेपाल पुलिसले पनि एक स्वर्णसहित एक रजत र तीन कास्य पदक जितेको हो।

यसैगरी एपिएफले स्वर्णसहित तीन रजत र दुई कास्य पदक जितेको हो।

प्रतियोगितामा मधेस प्रदेशले दुई रजत, बागमतीले दुई रजत, एक कास्य, लुम्बिनी प्रदेशले दुई रजत र दुई कास्य जितेको छ। कर्णाली प्रदेश पदकविहीन बन्दा सुदूरपश्चिम प्रदेशले एक कास्य पदकमा चित्त बुझाउनुपरेको हो। प्रतियोगितामा सात प्रदेशसहित तीन विभागीय टिमको सहभागिता रहेको शारीरिक सुगठन खेल उपसमिति संयोजक शिवलाल श्रेष्ठले जानकारी दिनुभयो।

# कुँडहर समाज सेवा समितिमा दया बराल

पोखरापत्र संवाददाता
पोखरा, ३१ असोज

कुँडहर समाज सेवा समितिको अध्यक्षमा दया बराल निर्वाचित भएकी छिन। समितिको १६ औं साधारण सभा तथा नवौं अधिवेशनबाट आगामी कार्यकालका लागी दया बरालको अध्यक्षतामा ११ सदस्यीय नया कार्यसमिति चयन भएको हो।

जस अन्तर्गत समितिको उपाध्यक्षमा कृष्ण बहादुर के.सी., सचिवमा बिक्रम रायमाझी, कोषाध्यक्षमा सुरेन्द्र बिनोद खनाल र सह सचिवमा लक्ष्मी थापा चयन भएकी छिन। त्यसैगरी सदस्यहरुमा देवकी रायमाझी, समुन्द्र भुजेल, बिरेन्द्र बहादुर थापा, गौतम थापा, सुनिता के.सी. र सन्तोष थापा चयन भएका छन।



सो साधारण सभाको उदघाटन गर्दै जनप्रतिनिधी सन्तोष बास्तोलाले वडाबाट हुने बिकासका काममा संस्थासंग सहकार्य गरेर अगाडी बढ्ने वताउदै वडाभित्र रहेका सडकहरुमा सडक लाइट, स्ट्रेट नम्बर, फुटपाथ निर्माण, फोहोर ब्यवस्थापन लगायतका काम संगै युवा तथा महिलाहरुलाई स्वरोजगार एवं सीपमुलक तालिमहरु प्रदान गरी अगाडी वढ्ने वताए।

कुंडहर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष विश्व बन्धु थापाले समाजले सहकारीको अवधारणा ल्याई समाजलाई आर्थिक रुपान्तरणतर्फ ल्याउनुपर्नेमा जोड दिए। त्यसैगरी समितिका सल्लाहकार रिब बहादुर थापाले संस्थाले गरेको सामाजिक कामको प्रशंसा गर्दै आगामी दिनमा पनि सामाजिक कामलाई निरन्तरता दिन आग्रह गरे। संस्थाका अध्यक्ष शान्त बहादुर थापाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन संस्थाका सचिव अञ्जना घिमिरेले गरेकी थिइन।

# कांग्रेसका विद्रोही उम्मेदवारले कात्तिक ४ गतेसम्म उम्मेदवारी निष्क्रिय गर्न पाउने

रासस
काठमाडौं, ३१ असोज

नेपाली कांग्रेसले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पार्टीका तर्फबाट विद्रोही उम्मेदवार बनेकालाई आगामी कात्तिक ४ गतेसम्म आफ्नो उम्मेदवारी निष्क्रिय गर्न पाउने व्यवस्था गरेको छ।

कांग्रेसले सोमबार एक विज्ञप्तिमार्फत कात्तिक ४ गतेभित्र सार्वजनिकरूपमा वक्तव्य प्रकाशित गरी आफ्नो उम्मेदवारी निष्क्रिय गराएमा त्यस्ता विद्रोही उम्मेदवार तथा तिनका प्रस्तावक र समर्थकउपरको कारबाही पार्टीले आवश्यक प्रक्रिया पुर्‍याई फुकुवा गर्ने जानकारी गराएको हो। त्यस्ता विद्रोही उम्मेदवारले पार्टीका आधिकारिक उम्मेदवार एवं गठबन्धन दलका आधिकारिक उम्मेदवारलाई विजयी बनाउन पूर्णरूपमा सक्रिय रहने प्रतिबद्धतासहितसार्वजनिकरूपमा वक्तव्य प्रकाशित गर्नुपर्नेछ।

यसअघि कांग्रेसले निर्वाचनमा गठबन्धन दलहरूबीच सहमति भई बनेका कांग्रेसका र गठबन्धनका आधिकारिक उम्मेदवारविरुद्ध विद्रोही उम्मेदवारी दिई यही असोज २६ गतेभित्र उम्मेदवारी फिर्ता नलिएकालाई पार्टीको सदस्यतासमेत नरहने गरी पाँच वर्षका लागि निष्काशन गरेको थियो।

साथै त्यस्ता विद्रोही उम्मेदवार तथा तिनका प्रस्तावक र समर्थकलाई समेत कांग्रेसको विधानबमोजिम निष्काशन गरिएको थियो।

# जनताका गुनासा सुन्दै, भोट माग्दै उम्मेदवार

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ३१ असोज

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा भोट माग्दै उम्मेदवारहरु घरदैलोमा पुग्न थालेका छन्। विगतका निर्वाचनको जस्तो रौनकता यो पटक नदेखिएपनि उम्मेदवारहरु भने भोट माग्न व्यस्त जस्तै देखिन्छन्। नेपाली काँग्रेस र नेकपा एमाले बिच नै प्रतिष्पर्धा देखिने स्याङ्जामा ४९ जना उम्मेदवार चुनावी मैदानमा छन्।

नेकपा एमाले वडास्तरीय बैठक गरेर चुनावी रणनीतिमा जुटेको छ भने नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पाटी, राष्ट्रिय स्वतन्त्र पाटी लगायत स्वतन्त्र रुपले उठेका उम्मेदवारहरु यतीबेला जनताको घरदैलौमा पुगेका छन्।

नेपाली काँग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङ् पहिलो पटक जनताको घरदैलोमा पुगेर भोट माग्दै छन्। स्याङ्जा संघिय निर्वाचन क्षेत्र नम्वर २ बाट प्रतिनिधिसभाका लागि उम्मेदवारी दर्ता गराएका गुरुङ् जनताको गुनासा सुनेर भोट माग्दै घरदैलोमा पुगेका हुन्। चापाकोट नगरपालिका र वालिङ नगरपालिकाका केही वडाहरुमा गुरुङ्ले विगतमा निर्वाचित सांसदले गरेका कामको गुनासो



र समिक्षा गर्दै जनता सगँ मत मागेको बताए। भोट माग्नेक्रममा जनताले सामान्यतया बाटोघाटो, खानेपानी, स्वास्थ्य, शिक्षा र रोजगारका बिषयमा गुनासा उठाएको बताए। जनताले आधार भुत आवश्यकताका बिषयमा जोड दिएका छन् उपसभापति तथा उम्मेदवार गुरुङ्ले भने,‘ जनप्रतिनिधिले जनतालाई महशुष हुनेगरी विकासे योजना ल्याउन आवश्यक छ।’ म जनतासगँ नसक्ने कामलाई गर्छु भनेर भन्दिन तर सक्ने कामलाई जिम्मेवारी रुपमा पुरा गर्न विश्वास दिलाउन चाहान्छु उनले भने। लोकप्रिय कुरा गरेर चुनाब जित्ने अनि पछि जनताको दुखसुखमा साथ नदिने परिपाटीले जनता निरासा भएको गुरुङ्ले बताए। दुईपटक समनुपातिक सांसद बनेर अनुभव लिएका गुरुङ प्रत्यक्ष निर्वाचनमा पहिलो पटक प्रतिस्पर्धामा उत्रेका छन्। समानुपातिक उम्मेदवार भन्दा प्रत्यक्ष उम्मेदवार बढी जनताको काममा जिम्मेवार हुने तर्क गुरुङ्को छ। उनले आफ्नो निर्वाचन क्षेत्र मात्रै भन्दा पनि समग्र स्याङ्जाको विकासमा आफु जिम्मेवार भएर लाग्ने दावी गुरुङ्को छ। उनले भनेका छन्,‘भष्ट्रचारको अन्त्य नभएसम्म दिगो विकास असम्भव छ।’ जनतासगँ भोट माग्दै गुरुङ्ले भष्ट्रचारको अन्त्य गर्ने प्रतिवद्धता व्यक्त गरेका छन्। एमालेको घरदैलो अभियान भने निकै कमी देखिएको छ। प्रतिनिधिसभा उम्मेदवार पद्मा अर्याल आफ्ना कार्यकर्तालाई निर्देशन दिदै पार्टीका उम्मेदवारलाई बिजयी गराउन लाग्न आग्रह गरेकी छन्। उनको मतदातासगँ भोटमाग्ने अभियानको अभिव्याक्ति सार्वजनिकरुपमा आइसकेको छैन। २०७४ सालको निर्वाचनमा निर्वाचित भएकी अर्याल र पहिलो पटक जनताको घरमा पुगेका गुरुङ् बिचको प्रतिस्पर्धा निकै कडा हुने स्थानीयहरु बताउछन्।

# टेबलटेनिसतर्फ पाँच स्वर्ण प्रहरीलाई

पोखरापत्र संवाददाता
पोखरा, ३१ असोज

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत टेबलटेनिस प्रतियोगिताका पाँचवटा इभेन्ट सम्पन्न भएका छन्। जसमा चारवटा इभेन्टको स्वर्ण नेपाल प्रहरीले र एउटा इभेन्ट्सको स्वर्ण सशस्त्र प्रहरीले जित्न सफल भए।

प्रतियोगिताअन्तर्गत पुरुष टिम, महिला टिम, पुरुष डबल्स र मिक्स डबल्स गरी चारवटा इभेन्टसका स्वर्ण पदक नेपाल प्रहरीले र महिला डबल्सको स्वर्ण पदक सशस्त्र प्रहरीले जितेको हो। पुरुष डबल्स इभेन्टमा नेपाल पुलिस क्लवले ३-१, ११-८, ११-५, ११-१३, ११-६ को ३-१ को सेटले सशस्त्र प्रहरीलाई पराजित गर्दै स्वर्ण पदक हात पार्न सफल भएको थियो।

यसैगरी प्रतियोगितामा सहभागी ११ टिममध्ये सशस्त्र प्रहरीले दुई रजत, नेपाल प्रहरी, नेपाली सेना र बागमती प्रदेशले एक-एक रजत हात पारेका छन् भने कास्य पदकतर्फ बागमती प्रदेशले दुई, एनआरएनएले दुई, प्रदेश नं १ ले दुई, आर्मीले दुई, नेपाल पुलिलले एक र गण्डकी प्रदेशले एक पदक हात पार्न सफल भएका छन्।

स्वर्ण पदक पाउन सफल नेपाल प्रहरीको खेलाडीमा पुरुष टिम इभेन्टतर्फ सन्तोष श्रेष्ठ, विनेश खनियाँ, संयोग कपाली, विपुल महर्जन र प्रदीप रोका छन्। महिला टिम इभेन्टतर्फ नवीता श्रेष्ठ, एलिना महर्जन, मन्जु सुवल, यस्वासी अवल र शुभाश्री श्रेष्ठ रहेका छन्। पुरुष डबल्सतर्फ सन्तु श्रेष्ठ र विनेश खनियाँ, मिक्स डबल्सतर्फ विनेश खनियाँ र एलिना महर्जन रहेका थिए। महिला डबल्स इभेन्टतर्फ सशस्त्र प्रहरीलाई स्वर्ण पदक दिलाउन सफल खेलाडीमा सिक्का सुवाल र वियन्का राई रहेका छन्। विजयी टिम र खेलाडीलाई तालिम तथा प्रशिक्षण विभाग निर्देशक प्रचण्ड शर्मा, प्रशासन विभागीय प्रमुख मधुसुदन बस्नेत, नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष तेज गुरुङ, एनआरएनका मध्यपूर्व संयोजक मनोजकुमार श्रेष्ठ र कोल्मा बहाकोट तमु समाजका अध्यक्ष सुवेदार लालबहादुर गुरुङले मेडल तथा पुरस्कार वितरण गर्नुभएको थियो। प्रतियोगिताअन्तर्गत बाँकी रहेका दुई इभेन्टस महिला सिङ्गल्स र पुरुष सिङ्गल्सतर्फका खेल पोखराको रामबजारस्थित कोल्मा बहाकोट तमु समाज घरमा जारी छ।

**पसल बिक्रीमा**
पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तु: विक्रीमा छ।
सम्पर्क:
९८२७१९९५८६
९८१९५२९०४५

# भारत्तोलनमा पुलिसलाई चौथो स्वर्ण

पोखरापत्र संवाददाता
पोखरा, ३१ असोज

नेपाल पुलिस क्लबले नवौं राष्ट्रिय खेलकुदअन्तर्गत भारत्तोलनमा अर्को स्वर्ण थपेको छ।

दोस्रो दिनको पहिलो खेलमा महिला ५५ केजी तौल समूहतर्फ पुलिसकी टीकामाया गुरुङले स्वर्ण जितेकी हुन्। यसअघि आइतबारको खेलमा पुलिसले ३ स्वर्ण र नेपाल आर्मीले १ स्वर्ण जितेका थिए।

टीकामायाले स्न्याचमा ६० र क्लीन एण्ड जर्कमा ८० गरी कुल १४० केजी भार बहन गर्दै स्वर्ण जित्न सफल भएको नेपाल भारत्तोलन संघका अध्यक्ष रामकृष्ण श्रेष्ठले जानकारी दिए। यस्तै, नेपाल आर्मीकी प्रभा थारुले न्याचमा ५८ र क्लीन एण्ड जर्कमा ७१ गरी कुल १२९ केजी भार उठाउँदै रजत जितिन् भने लुम्बिनी प्रदेशकी कृष्णकला बिष्टले कास्य जितिन्। उनले स्न्याचतर्फ ५६ र क्लीन एण्ड जर्कमा ७२ गरी कुल १२८ केजी तौल उठाउन सकिन्। उनी प्रभाको तुलनामा १ केजीमात्र भार कम उठाउँदा कास्यमा सीमित भएकी हुन्। प्रतियोगितामा १२ जना खेलाडीले भाग लिएका थिए।

पोखरा उद्योग वाणिज्य संघमा भएको प्रतियोगितामा दोस्रो दिन ४ स्वर्णको छिनोफानो हुनेछ। सोमबार नै महिला ५९, पुरुष ६७ र ७३ केजी तौल समूहमा खेल हुनेछ।कात्तिक २ सम्म चल्ने प्रतियोगितामा महिला र पुरुष दुवैतर्फ गरी कुल १०/१० इभेन्टमा खेल हुनेछ।

जसमा महिला ७६ र पुरुष ९६ गरी कुल १ सय ७२ जना खेलाडीले भाग लिएका छन्। प्रतियोगितामा २० स्वर्णका लागि प्रतिस्पर्धा हुँदैछ। उद्घाटनको दिन पुलिसका मुई लामाले भारत्तोलनमा राष्ट्रिय रेकर्ड कायम गरे। उनले ६१ केजी तौल समूहमा भएको स्पर्धामा स्न्याचमा ९६ केजी भार बहन गरी उनले आर्मीका तुलाराम महताको रेकर्ड तोडेका हुन्। लामाले क्लीन एण्ड जर्कमा ११६ सहित कुल २१२ तौल उठाउँदै स्वर्ण जितेका हुन्। रजत जितेका नेपाल आर्मीका राजु चौधरीले क्लीन एण्ड जर्कमा आफ्नै रेकर्ड तोडे। उनको नाममा १२० केजी रहेकोमा आइतबारको स्पर्धामा १२१ केजी तौल भार बहन गर्दै रेकर्ड ब्रेक भएको हो। उनले स्न्याचतर्फ ८७ केजीसहित कुल २०८ भार बहन गरेका थिए।

यसअघि, महिला ४९ केजी तौल समूहमा नेपाल पुलिसकी संगीता राई, पुरुष ५५ केजी तौल समूहमा आर्मीका तुलाराम महतो र महिला ४५ केजी तौल समूहमा पुलिसकी हिरामोती थारुले स्वर्ण जितिसकेका छन्।

# पोखरा हरित यातायात परियोजनालाई कोरियाको सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असोज**

पर्यटकीय नगरी पोखराले सञ्चालन गर्ने हरित यातायात प्रणाली विकास परियोजनालाई कोरियाले सहयोग गर्ने भएको छ। पोखराको यातायात व्यवस्थालाई प्रविधिमैत्री बनाउँदै हरियाली प्रवर्द्धन गर्ने विषयमा महानगर र कोरियाका विज्ञको टोलीबीच यहाँ भएको छलफलमा उक्त सहमति भएको हो।




परियोजनाअन्तर्गत कोरियाले विभिन्न साझेदार संस्थाको समन्वयमा पहिलो चरणमा १५ लाख अमेरिकी डलर खर्च गर्ने जनाइएको छ। कोरियन टोलीले यस क्षेत्रको सार्वजनिक यातायात र रुट तथा पूर्वाधारका विषयमा स्थलगत अध्ययन गरेको टोली प्रमुख रेलमार्ग अनुसन्धान संस्थान कोरियाका परियोजना प्रबन्धक जियोन ह्यन किमले जानकारी दिनुभयो। "परियोजना अन्तर्गत पोखराका ८४ वटा बस रुटमा एक हजार दुई सय ८६ स्थानमा बस स्टप निर्माण गरिने छ", उहाँले भन्नुभयो,"यस्तै तीन स्थानमा बस टर्मिनल निर्माण गरिने छ।"

जसका लागि पहिलो चरणमा १५ लाख डलर खर्च हुनेछ। यसको आधा रकम बस स्टप र बसमा मेसिन जडान गर्दा खर्च हुने टोली प्रमुख किले बताउनुभयो। पोखराको मुख्य पृथ्वीचोकलाई थप विस्तारसमेत गरिने परियोजनाको लक्ष्य छ। तीन चरणमा गरी सम्पन्न गरिने यस परियोजनाको पहिलो चरणमा २०२५ सम्म सहरी यातायाता व्यवस्थापनका लागि प्रारम्भिक चरणको काम सकिनेछ। यस्तै दोस्रो चरण सन् २०३० सम्म दिगो हरित यातायात प्रणालीको विकास गरिने छ।

विश्वमा भएको उत्कृष्ट सहरी यातायात व्यवस्थापनको नमुना प्रविधि पोखरामा हुने किमले विश्वास दिलाउनु भएको छ। परियोजनाका दौरानमा हाल नेपालमा रहेका सवारी साधनहरुको अवस्था र कोरियामा भइरहेको यातायात व्यवस्थापनको अनुभवलाई समेत प्रयोग गरिने दुई पक्षबीच सहमति भएको छ। टोलीका अनुसार परियोजनाको अन्त्यसम्ममा पोखराको सहरी यातायात व्यवस्थापन प्रविधिमैत्री र स्मार्ट हुने विश्वास लिइएको छ।

सम्झौता अनुसार पोखरामा चल्ने सार्वजनिक यातायातको सेवाका बारेमा हरेक नागरिकले डिजिटल माध्यमबाट जानकारी पाउने छन्। यात्रुलाई लामो समयसम्म बस कुर्नुपर्ने छैन भने चालकले समेत जथाभावी यात्रु चढाउन र ओराल्न पाउने छैनन्। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले यस परियोजनामार्फत पोखरामा बातावरणमैत्री यातायात प्रणालीको विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। पोखरामा बढ्दो सहरीकरण र ट्राफिक चापलाई व्यवस्थित गर्नुको साथै बसको प्रयोग गर्ने यात्रुको सङ्ख्यामा उल्लेखनीय वृद्धि हुने बताउनुभयो। उहाँले कार्वन उत्सर्जन न्यूनीकरणका साथै सार्वजनिक यातायातको सम्पूर्ण जानकारी प्राप्तिमा यात्रुलाई सहजता पुग्ने उहाँको विश्वास छ।

# चित्रे भञ्ज्याङ सम्पर्क मञ्च कास्कीमा लम्साल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असोज**

चित्रे भञ्ज्याङ सम्पर्क मञ्च कास्कीको अध्यक्षमा बुद्धिराम लम्साल निर्वाचित हुनुभएको छ। समितिको १४ औं वार्षिक साधारण सभा तथा छैठौं अधिवेशनबाट आगामी कार्यकालका लागि लम्सालको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको छ।



जस अन्तर्गत समितिको उपाध्यक्षमा सु.पूर्णबहादुर थापा, सचिवमा रुद्रबहादुर थापा सन्देश, कोषाध्यक्षमा क्या. कान्तबहादुर थापा र सहसचिवमा श्रीमती चन्द्र थापा निर्वाचित हुनु भएको छ। त्यसैगरी मञ्चको सदस्यहरुमा क्या. भूपेन्द्रसिंह थापा, नारायण भण्डारी, याम कुमारी राना, याम बहादुर सुनार, गोमा के.सी. र रेखा राना निर्वाचित हुनुभएको छ।

सो साधारण सभाको उद्घाटन गर्दै विशिष्ट अतिथि स्याङ्जाली सम्पर्क सदन पोखराका संस्थापक अध्यक्ष रामप्रसाद श्रेष्ठले मञ्चले सुखमा भन्दा दुःखको अवस्थामा पोखरामा रहेका त्यस क्षेत्रका व्यक्तिहरुलाई सहयोग गर्ने बताए। यसैगरी प्रमुख अतिथि स्याङ्जाली सम्पर्क सदनका अध्यक्ष ताराप्रसाद गौतम सुनारले मञ्चले समाजिक काम गर्दै त्यस क्षेत्रका सबै व्यक्तिहरुलाई समेटेर अगाडि बढ्नुपर्ने बताए। मञ्चका अध्यक्ष क्या. नरेश थापाले मञ्चले समाजिक एवं सांस्कृतिक क्षेत्रमा काम गर्दै आएको र आगामी दिनमा अझ सक्रिय भएर सबैलाई समेटेर लैजाने बताउनु भयो। सो अवसरमा विशेष अतिथि स्याङ्जाली सम्पर्क सदन पोखराका संस्थापक सचिव बद्रिप्रसाद आचार्य, अतिथि सु. महेश कुमार थापा, बालकृष्ण राना, मञ्चका सल्लाहकार ओमबहादुर थापा, सल्लाहकार होमबहादुर थापा, भुवन थापा, सिर्जना थापा लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा राष्ट्र सेवक कर्मचारी सम्मानमा कलावती थापा, भुवन थापा र छलिमाया थापालाई सम्मान गरिएको थियो भने उच्च शिक्षा सम्मान, जेष्ठ नागरिक सम्मान लगायतबाट समेत विभिन्न व्यक्तिहरुलाई सम्मान गरिएको थियो।

संस्थाका अध्यक्ष क्या. नरेश थापाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा वार्षिक प्रगति विवरण सचिव बुद्धिराम लम्सालले र आर्थिक प्रतिवेदन कोषाध्यक्ष रिम रानाले प्रस्तुत गर्नु भएको थियो। कार्यक्रमको सञ्चालन संस्थाका सचिव रुद्रबहादुर थापा सन्देशले गर्नुभएको थियो।

# तनहुँमा आठ सयलाई ज्येष्ठ नागरिक परिचय पत्र वितरण

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३१ असोज**

म्याग्दे गाउँपालिकाले आठ सय बढीलाई ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरेको छ। गाउँपालिका कार्यालयले असोज १ गतेदेखि थालेको एकीकृत घुम्ती शिविरमार्फत आठ सय २५ जनालाई उक्त परिचय पत्र वितरण गरेको हो।

त्यसैगरी शिविरबाट दश जना अपाङ्गता भएकालाई अपाङ्गता परिपचपत्र वितरण गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। वडासम्म गएर सेवा लिन असमर्थ भएको अवस्थामा अपाङ्गतालाई घरमा नै गएर परिचयपत्र प्रदान गर्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो। म्याग्दे-७ समिभञ्ज्याङ्गका रामबहादुर थापाले टोल र घरसम्म आएर ज्येष्ठ नागरिक परिचयपत्र पाउँदा असाध्यै खुसी लागेको बताउनुभयो। वडा कार्यालय टाढा पर्ने र वृद्धावस्थामा हिँडेर जान नसक्ने भएको हुँदा यो शिविरले धेरै ठूलो राहत दिएको उहाँले बताउनुभयो।

शिविरमा महिला स्वास्थ्य सेवाअन्तर्गत महिलाको पाठेघर परीक्षण र देखापरेका स्वास्थ्य समस्याको उपचार, व्यवस्थापन प्रेशण एवं परामर्श सेवा प्रदान गरिएको गाउँपालिका कार्यालयले जनाएको छ। परिवार नियोजन परामर्श सेवा, कोभिड-१९ विरुद्धको पहिलो, दोस्रो र अतिरिक्त मात्रा खोप सेवा, आयुर्वेद सेवा, स्वास्थ्य बीमा सेवा घुम्ती शिविरवाट उपलब्ध गराइएको छ। त्यसैगरी घुम्ती शिविरमा बहिरङ सेवाअन्तर्गत बिरामीको स्वास्थ्य परीक्षण, उपचार तथा औषधि वितरण गरिएको छ। प्रयोगशाला सेवाअन्तर्गत रगतमा ग्लुकोजको परीक्षण, खकार परीक्षणका लागि नमूना सङ्कलन, औलो रोगको परीक्षण हुनेछ। जन्म, मृत्यृ, बसाइँसराइ, एवं सम्बन्धविच्छेद लगायतका दर्ता गरिएको छ।

प्रशासन शाखाअन्तर्गत व्यवसाय दर्ता, राजस्व सङ्कलन, मालपोत तथा भूमिकर सङ्कलन तथा विभिन्न सिफारिस गरिएको छ। किसानलाई बीउबिजन वितरण एवं कृषि अनुदान माग सङ्कलन, पशु सेवा शाखाअन्तर्गत गोबर परीक्षण र नतिजाका आधारमा पशुपक्षीलाई औषधि वितरण, बाख्रा, पाठा एवं बहर बन्ध्याकरण एवं बिरामी पशुको उपचार व्यवस्थापन, योजना शाखाअन्तर्गत उपभोक्तासँग योजना सम्झौता गरिएको छ।

असोज ३० गते देखि कात्तिक ४ गतेसम्म हुने दोस्रो चरणको एकीकृत घुम्ती शिविरमा गाउँपालिकाका वडा नं ५, ६ र ७ मा सञ्चालन गर्न लागिएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो।

# आइटिएफमा बागमती र गण्डकीले दुई-दुई स्वर्ण थपे

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ असोज**

नवौं राष्ट्रिय खेलकुदअन्तर्गत यहाँ जारी आइटिएफ तेक्वान्दो प्रतियोगितामा बागमती र गण्डकी प्रदेशले दुई-दुई स्वर्ण थपेका छन्। महिला र पुरुष एकल स्पाइरिङमा सोमबार भएका विभिन्न तौल समूहका खेलमा उनीहरू विजेता भएका हुन्। ५६-६० किलो तौल समूहको खेलमा बागमती प्रदेशका अनिल तामाङले स्वर्ण पदक हात पारे।

बागमतीका तामाङसँग पराजित गण्डकीका प्रविण बुढाले रजत पदक जिते। सशस्त्र प्रहरी बलका सुमन राना र लुम्बिनी प्रदेशका हेमराज डाँगीले कास्यमा चित्त बुझाए। त्यस्तै ५१-५५ किलो तौल समूहको पुरुष स्पाइरिङमा बागमतीका रिक्सन वाइबाले स्वर्ण पदक हासिल गरे भने आर्मीका प्रेमकुमार मगरले रजत जिते। लुम्बिनी प्रदेशका अर्जुन नेपाली र सशस्त्र प्रहरी बलका सुनिल महतोले कास्य पदक पाए।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



**जन्मः** २०२४/०६/११ गते

**स्वर्गारोहणः** २०७९/०६/२० गते

**स्व. दिनेशराज सेढाई**

यस श्री ज्ञानभूमि मा.वि.मा कार्यरत शिक्षक **दिनेशराज सेढाई** को ५५ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

रामविनय शाह
अध्यक्ष
शिक्षक अभिभावक संघ

विनोदराज सुवेदी
प्रधानाध्यापक

प्रेम शेरचन
अध्यक्ष
वि. व्य. स.

तथा विद्यालय परिवार

**श्री ज्ञानभूमि मा. वि. पोखरा-३ नदीपुर**

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशु सेवा विभाग**
**राष्ट्रिय पशु प्रजनन कार्यालय**
**पोखरा कास्की**

## धानको सुख्खा पराल उपलब्ध गराउने सम्बन्धी शिलबन्दी दरभाउपत्रको सूचना।

**प्रथम पटक प्रकाशित मिति (२०७९/०७/०१ गते)**

यस कार्यालयको आ.ब. २०७९/८० मा पशु आहाराको लागि १०० मेट्रिक टन (१,००,००० के.जी.) सुख्खा पराल (नमाडेको मुठा वा च्याप गरेको वा ट्रक्रा पारेको) आवश्यक पर्ने भएकोले कास्की जिल्लाको आ.ब. २०७९/८० को स्वीकृत जिल्ला दररेटमा नबढ्ने गरी दुबै पक्षहरु बीच गरिने शर्तहरु बमोजिम आपूर्ति गर्न आधिकारीक रुपमा ईजाजत प्राप्त ईच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

१. यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७९/०७/१५ गते) भित्र कार्यालय समय अवधिमा कम्पनी वा फर्म नवीकरण भएको इजाजत प्रमाणपत्र, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र मूल्य अभिबृदि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. १०००२०००१००००, कार्यालयको कोड ३१२०२३९०२ र राजश्व कोड नं. १४२२९ बाट रु. १०००। राजश्व तिरेको (फिर्ता नहुने) सक्कल भौचर कार्यालयमा पेश गरी शर्त सहितको दरभाउपत्र फारम खरिद गर्न सकिने छ।
२. खरिद गरिएको दरभाउपत्र फारम मिति २०७९/०७/१६ गते दिनको दिउसो १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्ने कार्य रोकिने छैन। दरभाउपत्र खरिद तथा दाखिला दिन सार्वजनिक विदा परेमा सो काम क्रमशः सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिनेछ।
३. दरभाउपत्र साथ तपसिलमा उल्लेख भए बमोजिमको धरौटी रकम को. ले. नि. का. कास्कीको धरौटी खाता नं. ३०२०१००१०२०३०००० मा नगद जम्मा गरेको भौंचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा ७५ दिन अबधि रहेको बिडबण्ड संलग्न हुनु पर्नेछ।
४. उपलब्ध गराउने पराल तोकिएको मापदण्ड अनुसारको हुनु पर्ने छ साथै कृषि जन्य बस्तुको मूल्यमा मूल्य अभिवृद्धि कर समाबेश गरिने छैन। अन्य कुनै आवश्यक कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।
५. सिलबन्दी दरभाउपत्र फाराम भर्दा दररेट अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ। दरभाउपत्रदाताको नाम, फर्मको नाम, दस्तखत, मिति तथा छाप स्पष्ट हुनु पर्नेछ। रीत नपुगी आएका, म्याद नाघी आएको र कुनै शर्त राखिएको दरभाउपत्र स्वीकार गरिने छैन।
६. दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ। नेपाल सरकारको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।
७. यस बाहेक अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| ठेक्का नं. | बिवरण | इकाई | परिमाण केजी | धरौटी रकम रू | लागत अनुमान रकम रू | कैफियत |
|---|---|---|---|---|---|---|
| NLBO/G/NCB/SQ/079/80/10 | धानको सुख्खा पराल आपूर्ति (ढुवानी समेत) | के. जी. | १,००,००० | ४३,००० | १७,२०,००० | दरभाउपत्र |